# वन तथा कृषि सहज कार्यक्रम

## Forest and Farm Facility (FFF)

FOREST AND FARM FACILITY

FNCSI



वन तथा कृषि सहज कार्यक्रम अर्थात् फरेष्ट एण्ड फार्म फ्यासिलिटि (एफएफएफ)ले साना किसान, महिला, आदिवासि तथा समुदायका उत्पादक संस्थाहरु र स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय स्तरका सरकारी निकायहरुसँग साझेदारी मार्फत स्थानीय स्तरमा वन र कृषि व्यवस्थापन तथा उद्यम बिकासको लागि सहयोग गर्दछ । यस्ता सहयोगले हाल संचालन भईरहेका कार्यक्रमहरुलाई थप टेवा पुर्‍याउनुका साथै समुदायका उत्पादक संस्थाहरुको निर्णय प्रक्रियाहरुमा सकृय सहभागिताका लागि उत्प्रेरित गर्न मद्धत गर्दछ । यो कार्यक्रमको मुख्य तीन आधार स्तम्भहरु रहेका छन् ।

**स्तभ १** साना किसान, महिला, आदिवासि तथा समुदायका उत्पादक संस्थाहरुलाई व्यवसाय, जीविकोपार्जन र नीति निर्माण प्रक्रियामा सकृय सहभागिताका लागि क्षमता अभिवृद्धि गर्ने ।

**स्तभ २** स्थानीय र राष्ट्रिय स्तरका सरकारी निकायहरुसँग सहकार्यका लागि बहु-क्षेत्रीय सरोकारवाला समन्वय समितिहरु स्थापना तथा क्षमता अभिवृद्धि गर्ने ।

**स्तभ ३** स्थानीय आवाज तथा सिकाईहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सहभागितामूलक प्रक्रिया, प्रभावकारी सञ्चार तथा सूचना प्रवाह मार्फत ज्ञान तथा अनुभवहरुको प्रसार गर्ने ।

## वन तथा कृषि सहज कार्यक्रम

वन तथा कृषि सहज कार्यक्रमले बिभिन्न क्षेत्रगत निकायहरुको बीचमा समन्वयको अभिवृद्धि गर्नुको साथै वन र कृषिमा आधारीत समुदायको बहस पैरवी, जीविकोपार्जन र दीगो भू-व्यवस्थापनको लागि स्थानीय समुदाय र संस्थाहरुको क्षमता अभिवृद्धि गर्दछ ।



यो कार्यक्रम खाद्य तथा कृषि संगठन (एफएओ), वातावरण र विकासको लागि अन्तराष्ट्रिय संस्था (आईआईइडि) र अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आईयूसीएन) बीचको सहकार्यमा सञ्चालित छ । कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि वन उत्पादक, सामुदायिक वन, आदिवासी तथा जनजाति संस्था, अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता, व्यवसाय विकास सेवा प्रदायक संस्था, नीजिक्षेत्र, सरकारी निकाय र दातृ निकायहरु सदस्य रहेको निर्देशक समितिले मार्गदर्शन प्रदान गर्ने गर्दछ ।





वन र कृषि उत्पादकहरु भनेको स्थानीय महिला र पुरुष, साना किसान परिवारहरु, आदिवासी जनताहरु र स्थानीय समुदायहरु हुन् जसको जीविकोपार्जनको लागि वन र कृषि पैदावारसँग आधारित हुन्छन् । उनीहरुले व्यक्तिगत प्रयोगको साथै स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको लागि प्राकृतिक श्रोतमा आधारीत वस्तु तथा सेवाको उत्पादन, दिगो व्यवस्थापन, भण्डारण र प्रशोधन गरीरहेका छन् ।

वन तथा कृषि सहज कार्यक्रमले विभिन्न परम्परागत, अनौपचारिक र औपचारिक वन तथा कृषि उत्पादक संस्थाहरुलाई एउटै मञ्चमा ल्याई ज्ञान तथा अनुभवको आदान प्रदान, नीतिगत पैरविमा संलग्न गरी प्राकृतिक श्रोत माथिको अधिकारमा पहुंच बृद्धि, दिगो वन तथा कृषि व्यवस्थापन सुधार, बजार विस्तार, उद्यम विकास र आम्दानी तथा सम्पनता वृद्धि गर्न सहयोग पुराईरहेको छ ।

वन तथा कृषि उत्पादक संस्थाहरु विभिन्न किसिम, अवस्था र संस्थागत संरचना भएका हुन्छन् । जस्तै वनमा मात्रै वा वन तथा कृषि दुवैसँग सम्बन्धित क्रियाकलाप गर्ने, आदिवासी जनजाति वा स्थानीय सामुदायिक संस्थाहरु, विरुवा उत्पादन गर्ने र कृषि-वन संगठनहरु, वनमा स्वामित्व भएको संस्थाहरु, उत्पादक सहकारीहरु र बिभिन्न उत्पादक संस्थाहरुको छाता संगठन, सञ्जाल र महासंघहरु ।



उत्पादक संस्थाहरुको क्रियाकलापहरुलाई सहयोग गर्नको लागि दक्षिण अमेरीका महादेशको बोलिभिया, ग्वाटेमाला र निकारागुवा, अफ्रिका महादेशको गाम्बिया, लाइबेरिया, केन्या र जाम्बिया तथा एशिया महादेशको नेपाल, म्यानमार र भियतनाम गरी १० वटा देशहरुमा वन तथा कृषि सहज कार्यक्रम संचालित छ। यस कार्यक्रम केही नयाँ साझेदार देशहरुमा विस्तार गर्ने प्रक्रिया समेत शुरु भएको छ। त्यसैगरी कार्यक्रमले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय उत्पादक संस्थाहरु र तिनीहरुका पहलहरुलाई समेत सहयोग गरीरहेको छ।



वन तथा कृषि सहज कार्यक्रमले राम्रा अभ्यास, सिकाई तथा अनुभवहरुको अभिलेखिकरण तथा संचार, सुचना आदान प्रदान तथा प्रकाशनहरु मार्फत राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी रुपमा रहेका सरोकारवाला विच ज्ञान विस्तार समेत कार्य गरीरहेको छ। हरेक राष्ट्रले आफ्नो देशका सरोकारवालाहरुका अवस्था अनुसार आफ्नै प्रकृया तथा प्राथमिकता अनुरुप क्रियाकलापहरु संचालन गर्ने भएकोले विभिन्न राष्ट्रहरुको अवस्था र अवसरहरुको कदर गर्दै कार्यक्रम संचालन भएको छ।

**उत्पादक संस्थाहरुले ब्यवसायिक सेवा र बहस पैरवी मार्फत विपन्न किसान परिवार र वन समुदायहरुलाई भरपर्दो आर्थिक लाभ र सम्पन्नता प्रदान गर्न सक्दछ।**



नेपालमा वन तथा कृषि सहज कार्यक्रम अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आई.यू.सी.एन नेपाल)को नेतृत्वमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (फेकोफन) तथा नेपाल घरेलु तथा साना उद्योग महासंघसंगको सहकार्यमा नवलपरासी र काभ्रेपलाञ्चोक जिल्लामा संचालन भईरहेको छ। यसको अलावा वन तथा कृषि सहज कार्यक्रमको सानो अनुदान सहयोग मार्फत विभिन्न उत्पादक संस्था, सञ्जाल, गैर सरकारी संस्थासंगको सहकार्यमा उत्पादक समुहको ब्यवसायिक क्षमता अभिवृद्धिका लागि मकवानपुर जिल्लामा समेत यो कार्यक्रम संचालन भईरहेको छ।

**नेपालमा वन तथा कृषि सहज कार्यक्रमले न्यून आय भएका र अवसरबाट बन्चित कृषकहरुलाई उद्यमशीलता सम्बन्धी शीप विकास, क्षमता अभिवृद्धि, बजार विस्तार, व्यवसायिक योजना निर्माण जस्ता कार्यहरुमा सहयोग गर्दै आएको छ। यस कार्यक्रमले कृषि र वनमा आधारित उद्यमहरुलाई गुणस्तरीय वस्तु उत्पादनका लागि आधुनिक प्रविधि र औजारको प्रयोगमा प्रोत्साहन तथा सूचना प्रवाह पनि गरिरहेको छ।**

# दुर दृष्टि

साना किसान, आदिवासी महिला तथा समुदायका संस्थाहरुको वन तथा कृषि क्षेत्रको निर्णय प्रक्रियामा पहुँच अभिवृद्धि तथा जीविकोपार्जनका अवसरहरु सुदृढ भएको हुनेछ ।

## बन तथा कृषि सहज कार्यक्रमको बारेमा थप जानकारीको लागि सम्पर्क ठेगाना :


IUCN

अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ
(आई.यू.सि.एन नेपाल)
कुपण्डोल, ललितपुर
पो.व.नं: ३९२३, काठमाण्डौ, नेपाल
फोन: ०१ ५५२८७८१
फ्याक्स: ०१ ५५३६७८६
www.iucn.org\nepal

सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल
राष्ट्रिय महासंघको सचिवालय,
दुवाकोट–१, भक्तपुर, नेपाल
पो.व.नं: ८२१९
फोन नं: ०१ ६६१६४०८
फ्याक्स: ०१ ६६१६४२७
www.fecofun.org.np

FNCSI

नेपाल घरेलु तथा साना उद्योग महासंघ
माइतिघर हाइट, काठमाण्डौ
पो.व.नं: ६५३०, काठमाण्डौ, नेपाल
फोन: ०१ ४२२२७५१
फ्याक्स: ०१ ४२१५६०२
www.fncsi.org


सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (फेकोफन) र नेपाल घरेलु तथा साना उद्योग महासंघको काभ्रेपलाञ्चोक र नवलपरासीको जिल्ला महासंघ कार्यालयहरुबाट पनि कार्यक्रमको बारेमा जानकारी लिन सक्नुहुनेछ ।

अझ थप जानकारीको लागि कृपया तलका बेभसाईट हेर्नुहोला ।
www.fao.org/partnership/forest-farm-facility

FOREST AND FARM FACILITY


आर्थिक सहयोग

MINISTRY FOR FOREIGN AFFAIRS OF FINLAND
Federal Ministry of Food and Agriculture
SWEDEN
PROFOR